CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #४९

१९।४।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

कर्णालीमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि विनियोजन गरिएको बजेट नै फ्रिज

जम्मा छुट्याइएको रकम
रु. ३०,५९,१५,०००

खर्च भएको रकम
रु. २३,५५,५४,५५०

फ्रिज भएको रकम
रु. ७,३६,००,४५०

कुन अस्पतालको कति रकम फ्रिज ?

प्रदेश अस्पताल सुर्खेत	रु. ३,४३,०१,६९५	जाजरकोट	रु. २३,७१,६००
स्वास्थ्य सेवा निर्देशनालय	रु. ८२,५१,९००	कालिकोट	रु. ११,५०,८००
सामाजिक विकास मन्त्रालय	रु. ८,३५,०००	हुम्ला	रु. १४,८१,०००
दैलेख	रु. १०,४२,२५०	मुगु	रु. १२,९६,३००
जनस्वास्थ्य कार्यालय सुर्खेत	रु. ४६,९९,८००	डोल्पा	रु. १०,२३,०००
सल्यान	रु. १७,४२३००	मेहलकुना अस्पताल	रु. १३,१५,०००
रुकुमपश्चिम	रु. ११,१७,०००	प्रदेश आयुर्वेद औषधालय	रु. ६०,४८,०००

कोरोना अस्पतालका रुपमा तोकिएका कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला र चौरजहारी अस्पताल रुकुम पश्चिमले शतप्रतिशत बजेट खर्च गरेकाछन् ।

स्रोत: कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय

नेपाल अपडेट



काभ्रेको सिमाना साँगामा उपत्यका प्रवेशगर्नेहरु स्वाव संकलनका लागि लाइनमा बस्दै

तस्बिर: केशवराज पौडेल

परिक्षण

पिसिआर परिक्षण: ३,९८,९०७

पोजेटिभ: २०,७५०

उपचाररत: ५,७३२

मृत्यु : ५७

Source: https://covid19.mohp.gov.np/#/

हल्ला र तथ्य

सरकारले जिल्ला प्रशासन कार्यालयहरूलाई अन्य जिल्लाबाट काठमाण्डौ उपत्यका प्रवेश गर्न आवागमन पास नदिनु भनेको हो ?

देशका विभिन्न ठाउँबाट काठमाण्डौ उपत्यका प्रवेश गर्ने यात्रुको चेकजाँच गर्दा ठुलो मात्रामा यात्रुमा कोभिड - १९ पोजेटिभ पाईएकोले अर्को आदेश नभए सम्म अत्यावश्यक सेवा र ढुवानी बाहेक प्रत्येक दिन साँझ ७:०० बजेदेखी बिहान ७:०० बजेसम्म उपत्यका प्रवेश नाकामा यात्रुहरुको आवागमन पूर्णरुपमा बन्द गर्ने भनेको छ । यसका लागि काठमाण्डौ उपत्यका बाहेकका जिल्ला प्रशासन कार्यालयहरूले अत्यावश्यक काममा बाहेक अन्तर जिल्ला पास जारी नगर्न गृह मन्त्रालयले निर्देशन दिएको छ ।

स्रोत: https://www.moha.gov.np/post/pa-ra-sa-va-ja-niapa-ta-118

विद्यालय परिसरमा भएका सबै क्वारेन्टाईन तथा आईसोलेशन बन्द भए रे नि त ।

विद्यालय भवन तथा परिसरमा क्वारेन्टाईन र आईसोलेशन सम्बन्धी कार्यहरु सञ्चालन नगर्ने । क्वारेन्टाईन तथा आईसोलेशनको रूपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापदण्ड बमोजिम स्थानीय तहले निर्मलिकरण गरी अध्ययन अध्यापन गर्न योग्य बनाउने । त्यसै गरेर, विद्यालय र विद्यालय परिसरभित्र तथा विद्यार्थी आवागमनमा प्रतिकुल असर पर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड - १९ रोकथाम र नियन्त्रण सम्बन्धी संरचना नराख्ने भनेर नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गरेको हो ।

स्रोत: https://mocit.gov.np/categorydetail/shrawan-15-2077-cabinet

सरकारले परीक्षणको दायरा बढाउन नयाँ मापदण्ड बनायो भन्छन् । अब क-कसको कोभिड - १९ को परीक्षण हुने हो ?

अबदेखी, लक्षण देखिएका सबै बिरामीहरु, कोभिड - १९ को पुष्टि भएका केसहरुको सम्पर्कहरु, तीव्र श्वासप्रश्वासका बिरामी, विदेशबाट फर्किएका सबै व्यक्तिहरु, अग्रपंक्तिमा खटिएर काम गर्ने सबै स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरु, अन्तिम १४ दिन भित्र कोभिड - १९ को संक्रमण फैलिएको क्षेत्रमा भ्रमण गरेका व्यक्तिहरु, सघन उपचार कक्षमा भएका सबै बिरामीहरु, विशेष गरेर ६० वर्ष माथीका दिर्घ रोगी तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिहरु, क्लिनिकल निर्णयमा आधारित प्रिअपरेटिभ केसहरु र डिस्चार्ज भएका कोभिड - १९ का मध्यम र गम्भीर प्रकृतिका केसहरुलाई परीक्षणको दायरामा ल्याउने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । डिस्चार्ज भएका एसेम्प्टोमेटिक र हल्का केसहरुको सन्दर्भमा परीक्षण आवश्यक नपर्ने भनेको छ ।

स्रोत: https://drive.google.com/file/d/1dalK3C9ECgiKpztEwfQ_5aCRpbLJQqLR/view

विदेश जान चाहनेले पिसिआर परीक्षण कहाँ गराउने हो ? सरकारले तय गरेको परीक्षणको दायरामा त उनिहरु पर्दैनन् ।

विदेश जाने प्रयोजन तथा आफुखुसी परिक्षण गर्न चाहनेका लागि तोकिएका सरकारी तथा निजी अस्पताललाई सरकारले अनुमति दिईसकेको छ । जसको लागि सरकारले बनाएको मापदण्ड अनुसार तोकिएको शुल्क सम्बन्धित स्वास्थ्य संस्थालाई बुझाउनुपर्दछ ।

स्रोत: https://cutt.ly/bdvpC9O

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्

COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब
३,३४,४५१ नेपाली
२,७८,८३५ संक्रमित
१७५० नेपाली संक्रमित
९ मृत्यु भएका नेपाली

कुवेत
७१,१२३ नेपाली
६७,२११ संक्रमित
१५०० नेपाली संक्रमित
७ मृत्यु भएक नेपाली

बहराईन
२६,००० नेपाली
४१,५३६ संक्रमित
४५१ नेपाली संक्रमित
३ मृत्यु भएका नेपाली

कतार
४,०६,९१७ नेपाली
१,११,१०७ संक्रमित
२०,६०० नेपाली संक्रमित
१६ मृत्यु भएका नेपाली

युएई
२,२४,९०५ नेपाली
६०,९९९ संक्रमित
२००० नेपाली संक्रमित
३० मृत्यु भएका नेपाली

ओमान
१७,०५७ नेपाली
७९,१५९ संक्रमित
४५ नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

मलेसिया
५००,००० नेपाली
८,९९९ संक्रमित
८१ नेपाली संक्रमित

दक्षिण कोरिया
३८,८६२ नेपाली
१४,३८९



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

कुवेत प्रवेशमा ३२ देशका नागरिकलाई रोक

नेपाल र अन्य ३१ वटा देशका नागरिकहरूलाई तत्कालका लागि सम्बन्धित मुलुकबाट कुवेत आवागमनमा निषेध गरिएको छ । तर, निषेध गरिएका देशका नागरिक निषेध नगरिएका देशमा १४ बसेमा कुवेत प्रवेश गर्न पाउनेछन् ।

कुवेत सरकारले उडान निषेध गरेका देशहरू:

१. भारत
२. इरान
३. चिन
४. ब्राजिल
५. कोलम्बिया
६. अर्मानिया
७. बंगलादेश
८. फिलिपिन्स्
९. इजिप्ट
१०. श्रीलंका
११. नेपाल
१२. ईराक
१३. सिसिया
१४. लेवनान
१५. स्पेन
१६. सिंगापुर
१७. बोस्निया
१८. हर्जगोभिना
१९. मेक्सिको
२०. इन्डोनेसिया
२१. चिली
२२. पाकिस्तान
२३. हंकङ
२४. नर्थन् इटाली
२५. म्यासोडोनिया
२६. माल्दोभा
२७. पानामा
२८. पेरु
२९. सर्विया
३०. मोन्टेनेग्रो
३१. डोमेनिकन रिपब्लिक
३२. कोसोभो

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

संघिय सरकार

जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २६ करोड

दाता

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब ४ अर्व १० करोड

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

प्रदेश सरकार

प्रदेश	प्रदेश १	प्रदेश २	बागमती प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
जम्मा रकम	करिब २९.४ करोड	करिब २६.६ करोड	करिब ४२.९ करोड	करिब १८.३ करोड	करिब १५.६ करोड	करिब २५.४ करोड	करिब ४२.५ करोड
खर्च गरिएको रकम	करिब १९.३ करोड	करिब १३.३ करोड	करिब १३.६ करोड	करिब १५.४ करोड	करिब ७.७९ करोड	करिब २३.९ करोड	करिब ३६.४ करोड

आ.व. २०७५/७६ मा गण्डकी प्रदेशको बेरुजुको अवस्था

जम्मा लेखा परीक्षण भएको रकमको

६.८८%

बेरुजु खर्च

रु. १,६४,४६,७३,०००



जम्मा लेखा परीक्षण गरिएको रकम

२३.९ अर्ब

जम्मा लेखापरीक्षण गरिएका कार्यालय

१४९

बेरुजु देखिएका कार्यालय

९५

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

आर्थिक वर्ष २०७५/७६ मा गण्डकी प्रदेशको खर्च बेरुजु देखिएका मन्त्रालयको तुलनात्मक अध्ययन



यण्डकी प्रदेशमा जम्मा १ अर्ब ६० करोड खर्च बेरुजु देखिन्छ । जुन उसको जम्मा लेखा परीक्षण भएको रकमको ६.८८% हो । करिब ६४% (१४९ मध्ये ९५) कार्यालयहरुमा खर्च बेरुजु भएको देखिन्छ । गण्डकी प्रदेशमा ६८% भन्दा बढी बेरुजु पेश्की लिएका कारणले भएको छ । यसको मतलब, आर्थिक वर्षको अन्त्यमा धेरै खर्च भएको छ । जसले गर्दा वर्षको अन्त्यमा नियम बमोजिम हिसाब मिलान गर्न असमर्थ भएको देखिन्छ ।

प्रदेशका प्राय जसो मन्त्रालय र कार्यालयहरुमा कम बेरुजु देखिनु राम्रो कुरा हो । तर भौतिक पूर्वाधार विकास मन्त्रालयमा १ अर्ब ४० करोड बेरुजु देखिन्छ । यसरी सो मन्त्रालयमा मात्र जम्मा बेरुजुको ८८% बेरुजु देखिनु चिन्ताको विषय हो । भौतिक पूर्वाधार विकास मन्त्रालयमा ठुलो बजेट भएको र सोही मन्त्रालयको बजेट व्यवस्थापन राम्रो नभएकोले, त्यहाँ धेरै विकासका काम रोकिएको देखिन्छ । यसरी हेर्दा, प्रदेश सरकारले बजेट विनियोजनमा प्रयाप्त ध्यान दिनुपर्ने देखिन्छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

फ्रन्टलाईनर्स भोईसेस्

डा. सुरेश मेहता

प्रमुख, सामाजिक विकास महाशाखा, प्रदेश नं. १

"समग्र नेपालको र प्रदेश नं. १ को तुलना गर्ने हो भने, नेपाल भरी झण्डै १९ वटा परीक्षण गर्दा एक जनामा संक्रमण पुष्टि भएको छ भने, प्रदेश नं. १ मा जम्मा ४८ परीक्षणमा एक जनामा संक्रमण पुष्टि भएको छ । यसले परीक्षणमा प्रदेश नं. १ समग्र नेपाल भन्दा अगाडी छ भन्ने देखाउँछ । कोरोना भोलिनै जान्छ भन्ने पनि छैन । त्यसैले देशको स्रोतलाई मितव्ययी रुपमा प्रयोग गर्नु पनि आजको आवश्यकता हो । परीक्षणको दायरा त अवश्य बढाउनु पर्छ, तर वैज्ञानिक तवरले परीक्षणको दायरा बढाउन र त्यो शन्देश बाहिर लैजान पनि त्यतिकै महत्वपूर्ण छ ।"

डा. सुर्य पराजुली

जनस्वास्थ्य विज्ञ तथा सामाजिक अभियन्ता

"सरकारले लकडाउन गर्छ, संक्रमण घटे जस्तो देखिन्छ । लकडाउन खोल्यो फेरी बढ्छ । संक्रमणको यो प्रकृया चलिरहन्छ । एउटा यस्तो समय आउनेछ, धेरै मान्छेहरु संक्रमित भईसकेका हुनेछन । यसका लागि व्यवहारमा परिवर्तन गर्न जरुरी छ । मास्क प्रयोग गऱ्यो कि गरेन भन्नेकुरा महत्वपूर्ण हैन, मास्क राम्रो संग प्रयोग गरेको छ कि छैन महत्वपूर्ण हो । अर्को कुरा, चिकित्सा क्षेत्रमा चिकित्सक वा स्वास्थ्य भनेको एउटा अस्पताल सोच्दथे, तर त्यो १० प्रतिशत मात्र हो । ९० प्रतिशत त्यो भन्दा बाहिर आउनु पर्दछ । त्यो कुरा अहिले कोरोनाले चरितार्थ पारिदिएको छ ।"

मुकुन्द बस्नेत

स्वास्थ्य शाखा प्रमुख, अर्जुनधारा नगरपालिका, झापा

"सुरुमा कोरोनासंगको लडाईलाई युद्ध जस्तै मानियो । युद्धमा त बन्दुक पइकिएला र छलौला भन्ने हुन सक्छ । यसमा त कताबाट पइकिएला त्यो पनि थाहा छैन, कता छोईएला, त्यो पनि थाहा छैन । त्रासैत्रासमा काम गऱ्यौ । यो सर्छ कसरी भन्नेमै अन्यौलता थियो । सबै भन्दा बढी भारत र अन्य जिल्लाबाट आएकालाई क्वारेन्टाईनमा राख्नमा ध्यान दियौं । यसले केही हद सम्म संक्रमण नियन्त्रणमा आयो । तर अहिले फेरी हाम्रो नगरपालिकामा समुदाय स्तरमै संक्रमण फैलिसक्यो । ५ दिनको लागि आवागमन निषेध गरिएको छ । भोलि के हुन्छ हेर्न बाँकी नै छ ।"

रेमिट्यान्स्मा कोभिड - १९ को असर

जव एउटा अज्ञात भाईरसले चिनको वुहान प्रान्तमा मानिसहरूलाई बिरामी बनाउन थाल्यो, त्यती खेर, आउने महिनाहरूमा यो ठुलो महामारीको रुपमा फैलिनेछ भनेर विश्वले कल्पना समेत गरेको थिएन । जसरी चिनको एउटा प्रान्तबाट सुरुभएको महामारी द्रुत गतिमा विश्वका देशहरूमा फैलियो, यस अघी यस्तो कहिलेई पनि भएको थिएन । देशहरूले उनिहरूका सिमानाका बन्द गरे, अन्तरराष्ट्रिय उडानहरू ठप्प भए, सार्वजनिक आवागमनलाई प्रतिबन्ध गरेर मानिसअरूलाई घर भित्रै बस्न भनियो र योसंगै विश्व अर्थतन्त्रमा ठुलो मन्दी आयो । नेपाल चिनको छिमेकी देश भएकोले पनि यि सबै कुराबाट अछुतो रहन सकेन ।

नेपालले पनि कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका लागि थुप्रै उपायको अवलम्बन गऱ्यो । तर, यसको ठुलो असर श्रम क्षेत्रमा पऱ्यो । विशेष गरेर वैदेशिक रोजगारीको क्षेत्र पूर्णरुपमा धरासयी नै भयो । रोजगारी गुमाएका र संक्रमणको डर भएका र त्यसमाथि एकतर्फि सम्झौता रद्द गरिएका र पारिश्रमिक नपाएका दशौं हजार श्रमिकका सामु घर फर्किनुको विकल्प थिएन । रेमिट्यान्स्मा निर्भर नेपाल जस्ता देशहरूलाई यो महाम(ारीले ठुलो प्रभाव पारेको छ ।

श्रममा रोक र त्यस पछि महंगो चार्टर विमानको भाडा तिरेर रित्तै हात घर फर्किनु परेका श्रमिकका लागि राज्यको सहयोग नगान्य थियो । रेमिट्यान्समा निर्भर देशको अर्थतन्त्रमा ठुलो प्रभाव पारेको छ । नेपालका लागि रेमिट्यान्स एकमात्र सबै भन्दा ठुलो विदेशी विनि(मयको स्रोत हो, जुन आवश्यक वस्तु र सेवाको आयातकालागि आवश्यक हुन्छ । सन् २०१८ को आँकडा हेर्ने हो भने, नेपाल धेरै रेमिट्यान्स् भित्र्याउने विश्वको १९ औं देश हो । त्यसरी विदेशबाट श्रमिकले पठाएको रकमले देशको कुल गार्हस्थ उत्पादनमा २५ प्रतिशत योगदान पुऱ्याउँछ । विश्व बैंकको प्रारम्भिक प्रक्षेपणलाई आधार मान्ने हो भने, सन् २०२० मा नेपालले भित्र्याउने रेमिट्यान्स्मा १४ प्रतिशतले गिरावट आउनेछ । नेपाल राष्ट्र बैंकले पनि गत चैत्र महिनामा यस्तै रेमिट्यान्स गुमाउने चित्र बाहिर ल्याएको थियो ।



नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार, नेपालले चैत्र महिनामा ३४ अर्ब ५० करोड रेमिट्यान्स् भित्र्यायो । जुन आर्थिक वर्ष २०१८/१९ को सोहि महिना भित्र्याएको रेमिट्यान्स् रकम ७१ अर्ब भन्दा करिब ५० प्रतिशतले कम हो । यद्यपी बैशाख महिनामा ५३ अर्व ९० करोड रेमिसट्यान्स् भित्रिएर अवस्थामा केही सुधार देखियो । यसरी हेर्दा देशले भित्र्याउने रेमिट्यान्समा कोभिड - १९ ले ठुलो असर गरेको छ । घट्दो रेमिट्यान्स्ले देशको अर्थतन्त्रमा मात्र असर गर्दैन, यसले वैदेशिक रोजगारीमा निर्भर दशौं हजार नेपालीका परिवारको भान्छामा समेत असर पार्नेछ ।

- समिक्षा बराल -

सही सूचना

पिसिआर परीक्षणमा एकरुपता नहुनुले व्यवस्थापनमा कमजारी देखाउँछ



माथिको ग्राफले अन्तिमा दुई हप्तामा दैनिक पिसिआर पिरीक्षणको संख्या बढेको देखाए पनि, परीक्षणको संख्यामा एकरुपता देखिदैन । अघिल्लो महिना, जुन २० मा ७००० को पिसिआर परीक्षण भएको थियो । जव कि, जुलाई २० मात्र ४००० को पिसिआर परीक्षण भएको छ । यसले नै कमजोर व्यवस्थापनलाई उजागर गर्दछ । सरकारले दैनिक १०,००० परीक्षण पनि गर्न सकिने देखाउँछ । तसर्थ, प्रयोगशालाको क्षमता अनुसार परीक्षण उपकरण र नमुनालाई तत्काल प्रयोगशालामा पुऱ्याउने व्यवस्था गर्न जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219